# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, असार २७ गते, २०८१ साल (सङ्ख्या १६

## भाग ३

## बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## हेटौंडा, नेपालको

## सूचना

### बागमती प्रदेश विश्वविद्यालय विधान, २०८१

**प्रस्तावनाः** ज्ञान, प्रविधि उत्पादन, संरक्षण र प्रसार गर्न, विद्यार्थीहरूमा अन्तरनिहीत प्रतिभा, अध्ययन, अनुसन्धान र खोजलाई प्रोत्साहन गर्दै, विशिष्ट र व्यवहारिक ज्ञान, कला, कौशलपूर्ण सीप, अनुसन्धान र नवप्रवर्तनमुखी शिक्षा प्राप्त गर्न विश्वस्तरको गुणस्तरीय सेवा दिनसक्ने

उद्यमशील जनशक्ति उत्पादन गर्न प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ८ को उपदफा (१) को खण्ड (क) बमोजिम बागमती प्रदेश विश्वविद्यालयको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन यो विधान जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस विधानको नाम "बागमती प्रदेश विश्वविद्यालयको विधान,२०८१" रहेको छ। अंग्रेजीमा यसलाई "Statute of Bagmati Province University, 2024" भनिनेछ।

(२) यो विधान प्रदेश सरकारबाट स्वीकृति भइ प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ७ बमोजिम गठित विश्वविद्यालयको संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का अध्यक्ष सम्झनु पर्छ।

(ख) "अनुसन्धान केन्द्र" भन्नाले विश्वविद्यालयको विधानबमोजिम स्थापित एवं सञ्चालित अध्ययन तथा अनुसन्धान, नवप्रवर्तन र प्रविधि उद्यमोदय केन्द्रलाई सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले दफा १५ बमोजिम नियुक्त विश्वविद्यालयको पदाधिकारी सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले प्रदेश उच्च शिक्षा ऐन, २०७८ सम्झनु पर्छ।

(ङ) "कलेज" भन्नाले सङ्कायअन्तर्गतको आङ्गिक वा सम्बन्धन प्राप्त उच्च शिक्षण संस्था सम्झनु पर्छ।

(च) "कार्यकारी परिषद्" भन्नाले दफा १२ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ।

(छ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस विधान र यसअन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम भन्ने सम्झनु पर्छ।

(ज) "पदाधिकारी" भन्नाले दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ।

(झ) "प्राचार्य (प्रिन्सिपल)" भन्नाले कलेजको प्रमुख सम्झनु पर्छ।

(ञ) "प्राज्ञिक परिषद्" भन्नाले दफा १० बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ट) "शिक्षक" भन्नाले प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा २ को (ढ) मा परिभाषा गरिएबमोजिमको व्यक्ति सम्झनु पर्छ।

(ठ) "महाविद्यालय (स्कुल)" भनाले विश्वविद्यालयका विभिन्न सङ्कायका शैक्षिक तथा प्राज्ञिक कार्यक्रमहरू सञ्चालन गर्ने शैक्षिक निकाय सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) "विश्वविद्यालय" भन्नाले प्रदेश उच्च शिक्षा ऐन, २०७८ मा भएको व्यवस्थाबमोजिम प्रदेश सार्वजनिक विश्वविद्यालयको रूपमा स्थापना हुने बागमती प्रदेश विश्वविद्यालय सम्झनु पर्छ।

(ण) "सङ्काय प्रमुख (डीन)" भन्नाले विश्वविद्यालय अन्तर्गत स्थापित विभिन्न सङ्काय प्रमुख सम्झनु पर्छ।

(त) "सल्लाहकार समिति" भन्नाले विधानको दफा ३८ अनुसार गठित विश्वविद्यालयको सल्लाहकार समिति सम्झनु पर्छ।

(थ) "संरक्षक समिति (बोर्ड अफ ट्रष्टी)" भन्नाले विधानको दफा ७ बमोजिम गठित विश्वविद्यालयको संरक्षक समिति सम्झनु पर्छ।

## परिच्छेद-२
## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापनाः** (१) अन्तरविधात्मक र बहुविधागत अवधारणामा गुणस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तनमार्फत् अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी र सक्षम जनशक्तिको विकास गर्न, नवीनतम् ज्ञानको सिर्जना, नवप्रवर्तन र प्रविधि उद्यमोदयमार्फत प्रविधिमैत्री अर्थतन्त्रको विकास गर्न प्रदेशभित्रै पारिस्थितिकीय प्रणालीको सिर्जना गरी सभ्य, समृद्ध र सुखी

नागरिक समाजको निर्माण गर्ने उद्देश्यले बागमती प्रदेश विश्वविद्यालयको स्थापना गरिनेछ।

(२) विश्वविद्यालयको स्थापना हुँदाका अवस्थामा विश्वविद्यालयले ऐनले तोकेको प्रक्रियाबमोजिम अन्य आङ्गिक वा सम्बन्धन प्राप्त कुनै उच्च शिक्षण संस्थालाई केन्द्रीय शिक्षण संस्थाको रूपमा ग्रहण गर्न सक्नेछ।

(३) विश्वविद्यालयले आवश्यकतानुसार आङ्गिक उच्च शिक्षण संस्थाहरू स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(४) विश्वविद्यालयको केन्द्रीय कार्यालय हेटौंडामा रहनेछ।

४. **<u>विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने:</u>** (१) बागमती प्रदेश विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित एवं सङ्गठित संस्था हुनेछ।

(२) विश्वविद्यालयको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) विश्वविद्यालयले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, धितोबन्धक राख्न, ऋण लिन सक्नेछ र नेपाल सरकार वा नेपाल सरकारअन्तर्गतका विभिन्न निकायहरू, प्रदेश सरकार तथा स्थानीय तह तथा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाहरूबाट तोकिएको प्रक्रिया पुरा गरी अनुदान प्राप्त गर्न सक्नेछ।

(४) विश्वविद्यालयले व्यक्तिसरह करार तथा नालिस उजुर गर्न सक्नेछ।

## परिच्छेद-३
## विश्वविद्यालयको सङ्गठन तथा पदाधिकारी

५. **विश्वविद्यालयको सङ्गठनः** (१) विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहायबमोजिम हुनेछः-

(क) संरक्षक समिति (Board of Trustee),

(ख) प्राज्ञिक परिषद् (Academic Council),

(ग) कार्यकारी परिषद् (Executive Council),

(घ) महाविद्यालय (School)

(ङ) अनुसन्धान, नवप्रवर्तन र प्रविधि उद्यमोदय केन्द्र (Research, Innovation and Tech- startup Center)

(च) कलेज (College)

(छ) तोकिएबमोजिम अन्य निकाय।

६. **विश्वविद्यालयका पदाधिकारीहरूः** (१) विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन्ः-

(क) अध्यक्ष (President),

(ख) उपाध्यक्ष (Vice President),

(ग) डीन (Dean),

(घ) कार्यकारी निर्देशक (Executive Director),

(ङ) निर्देशक (Director),

(च) प्राचार्य (Principal),

(छ) तोकिएबमोजिम अन्य पदाधिकारीहरू।

## परिच्छेद-४

## संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) सम्बन्धी व्यवस्था

७. **संरक्षक समितिको गठनः** (१) विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा एक संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) रहनेछ। संरक्षक समित गठनसम्बन्धी व्यवस्था प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा १३ बमोजिम हुनेछ।

८. **संरक्षक समितिको बैठकः** (१) संरक्षक समितिको बैठक समितिबाट स्वीकृत कार्यविधिबमोजिम बस्नेछ।

तर अध्यक्षले आवश्यकताअनुसार बैठक बोलाउन सक्नेछ।

(२) संरक्षक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) अध्यक्षको स्वीकृति लिई बैठक बस्नु भन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना कार्यालय सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा सर्वसम्मत वा बहुमतको आधारमा निर्णय हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

९. **संरक्षक समितिको काम, कर्तव्य र अधिकारः** (१) संरक्षक समितिको काम, कर्तव्य र अधिकार प्रदेश उच्च शिक्षा ऐनको दफा १३ को अधीनमा रही देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयको सञ्चित कोषको स्थापना, सञ्चालन तथा नियन्त्रण गर्ने,

(ख) विश्वविद्यालयको वार्षिक बजेट तथा योजनाअनुरूप सञ्चित कोषबाट रकम निकासा गर्ने,

(ग) विश्वविद्यालयको सम्पत्तिको संरक्षण तथा प्रवर्द्धन गर्ने,

(घ) विश्वविद्यालयको उन्नयनका लागि प्राज्ञिक अनुसन्धानात्मक तथा सिकाई शिक्षणका गतिविधि

सञ्चालन तथा सम्वर्द्धनका लागि विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल सरकारको स्वामित्व भएको कम्पनी, प्राधिकरण तथा प्रतिष्ठान, उद्योग तथा वाणिज्य सङ्घवाट सहयोग प्राप्त गर्ने,

(ङ) आवश्यकता र औचित्यका आधारमा नेपाल सरकारको पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाहरूबाट ऐनबमोजिम अनुदान प्राप्त गर्ने,

(च) शैक्षिक गतिविधिबाट सङ्कलित सबै किसिमका आम्दानी सञ्चित कोषमा जम्मा गरी विश्वविद्यालयको सञ्चित कोषलाई दिगो एवं मजबुत बनाउने,

(छ) विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई अध्ययन सहायता अनुदान (विद्धतवृत्ति तथा छात्रवृत्ति) प्रदान गर्ने,

(ज) विश्वविद्यालयको व्यवस्थापन तथा सञ्चालनका लागि चाहिने आवश्यक विनियम, कार्यविधि स्वीकृत वा संशोधन गर्ने,

(झ) विश्वविद्यालयको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने,

(ञ) विश्वविद्यालयका विभिन्न निकायको शैक्षिक तथा प्रशासनिक कामको लागि आवश्यक जनशक्तिको

दरबन्दी स्वीकृत गर्ने वा आवश्यक नरहेको दरबन्दी खारेज गर्ने,

(ट) विश्वविद्यालयको वार्षिक योजना तथा कार्यक्रम एवं आय व्ययको विवरण छलफल गरी पारित गर्ने,

(ठ) विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा, सर्त, सुविधाहरू निर्धारण गर्ने,

(ड) विश्वविद्यालयको उन्नयन तथा प्राज्ञिक उत्कृष्टता एवं सम्वर्द्धनका लागि आवश्यक निर्देशन दिने,

(ढ) विश्वविद्यालयले प्रदान गर्ने उपाधिहरू स्वीकृत गर्ने, मानार्थ उपाधि प्रदान गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ण) विश्वविद्यालयका सम्बन्धित विषयका कार्यक्रमहरू सञ्चालनको लागि आवश्यक प्रबन्ध मिलाउने,

(त) विश्वविद्यालयका उपाध्यक्ष तथा डीनलगायतका पदाधिकारीले विश्वविद्यालयको हित विरुद्ध कार्य गरेमा वा पदीय आचरण विपरीत कार्य गरेमा कारवाही गर्ने,

(थ) खण्ड (त) मा उल्लिखित कसुर गरेको प्रमाणित भएमा संरक्षक समितिको निर्णयबाट त्यस्ता उपाध्यक्ष तथा डीनलाई सेवाबाट बर्खास्त गर्ने,

(द) अन्य तोकिएका कार्यहरू गर्ने।

(२) उपदफा (१) बमोजिम तोकिएका कार्यहरू गर्नका लागि विश्वविद्यालयले तोकेको प्रथम श्रेणीको प्रशासक (निर्देशक) समेत आवश्यक कर्मचारी रहेको सचिवालय संरक्षक समितिमा रहनेछ।

(३) उपदफा (२) बमोजिमको सचिवालयलाई आवश्यक पर्ने कर्मचारी विश्वविद्यालयको कार्यकारी परिषद्ले व्यवस्था गर्नेछ।

(४) संरक्षक समितिको कार्यसम्पादनसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-५

## प्राज्ञिक परिषद्सम्बन्धी व्यवस्था

१०. **प्राज्ञिक परिषद्को गठनः** (१) विश्वविद्यालयको प्राज्ञिक कार्यलाई व्यवस्थित गर्ने निकायको रुपमा काम गर्न एक प्राज्ञिक परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिम प्राज्ञिक परिषद्मा देहायबमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) संरक्षक समितिको अध्यक्ष -अध्यक्ष

(ख) उपाध्यक्ष -सदस्य

(ग) डीनहरू -सदस्य

(घ) कार्यकारी निर्देशकहरू -सदस्य

(ङ) विभिन्न विषयका प्राध्यापक एवं अनुसन्धानकर्ताहरूमध्येबाट कम्तीमा एक जना महिलासहित तीन जना -सदस्य

(च) केन्द्रीय विश्वविद्यालयमा कार्यरत प्राध्यापकहरूमध्येबाट कम्तीमा एक जना महिलासहित दुईजना -सदस्य

(छ) वरिष्ठ वैज्ञानिकहरूमध्येबाट दुईजना -सदस्य

(३) प्राज्ञिक परिषद्को अध्यक्षले एकजना डीनलाई सदस्य-सचिवको रुपमा काम गर्नेगरी तोक्नेछ।

(४) उपदफा (१) बमोजिम मनोनयन हुने सदस्यहरूमा पदेनबाहेक अन्य सदस्यहरू कार्यकारी परिषद्ले मनोनयन गर्नेछ।

(५) सबै मनोनीत सदस्यहरूको पदावधि तीन बर्षको हुनेछ।

(६) प्राज्ञिक परिषद्लाई विषयगत विज्ञताका सम्बन्धमा सल्लाह, सुझाव र परामर्श प्रदान गर्नका लागि विज्ञ समूह गठन गर्न सकिनेछ।

(७) प्राज्ञिक परिषद्अन्तर्गत पाठ्यक्रम मूल्याङ्कन केन्द्र रहनेछ।

(८) उपदफा (७) बमोजिमको केन्द्रको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन्।

**११. <u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः</u>** (१) प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयको पाठ्यक्रम स्वीकृत गर्ने,

(ख) विश्वविद्यालयको विद्यार्थी मूल्याङ्कन प्रणाली निर्माण गर्ने, परीक्षाको किसिम तोक्ने तथा शैक्षिक कार्यक्रमहरूको मूल्याङ्कन गर्ने,

(ग) विश्वविद्यालयको शैक्षिक गुणस्तर निर्धारण गरी कायम गर्ने,

(घ) विश्वविद्यालयमा अध्ययन तथा अध्यापन गरिने विषयहरूमा भर्ना हुन चाहिने योग्यता र आधार तोक्ने,

(ङ) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरूको लागि संरक्षक समिति समक्ष सिफारिस गर्ने,

(च) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक उन्नयनको दीर्घकालीन योजना निर्माण गरी कार्यकारी परिषद्मार्फत् संरक्षक समितिमा पेश गर्ने,

(छ) संरक्षक समितिबाट पारित शैक्षिक तथा प्राज्ञिक नीति तथा निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(ज) विश्वविद्यालयमा सञ्चालन हुने अनुसन्धान सम्बन्धी नीतिहरू तर्जुमा गर्ने,

(झ) विश्वविद्यालयको समकक्षतासम्बन्धी नीति निर्धारण गर्ने र समकक्षतासम्बन्धी कार्य गर्ने,

(ञ) मानार्थ उपाधिहरूको व्यवस्थासम्बन्धी नीति निर्माणगर्ने,

(ट) विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय मानक अवस्थामा स्थापित गर्न आवश्यक कार्य गर्ने,

(ठ) शैक्षिक तथा प्राज्ञिकक्षेत्रमा विश्वविद्यालयले अन्य विश्वविद्यालय तथा शैक्षिक एवं अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्ने सम्बन्धमा नीति तथा निर्देशिका तर्जुमा गरी कार्यकारी परिषदमा पेशगर्ने,

(ड) सङ्कायहरू, अनुसन्धान केन्द्रहरू स्थापना गर्ने।

तर यस्ता केन्द्रहरू कार्यकारी परिषद्बाट निर्णय भइ विश्वविद्यालयको वार्षिक कार्यक्रममा समावेश भएको हुनुपर्नेछ,

(ढ) विश्वविद्यालयले प्रदानगर्ने प्रमाणपत्रहरूको ढाँचा स्वीकृत गर्ने,

(ण) दीक्षान्त समारोहको आयोजना गर्ने,

(त) तोकिएबमोजिमका अन्य काम गर्ने।

(२) प्राज्ञिक परिषद्को बैठक आवश्यकताअनुसार बस्नेछ र बैठकको कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-६
## कार्यकारी परिषदसम्बन्धी व्यवस्था

१२. **कार्यकारी परिषद्को गठनः** (१) विश्वविद्यालयको देहायका सदस्यहरू रहेको कार्यकारी परिषद् हुनेछः-

(क) संरक्षक समितिको अध्यक्ष -अध्यक्ष

(ख) डीनमध्येबाट एकजना -सदस्य

(ग) अनुसन्धान केन्द्रको कार्यकारी निर्देशकमध्ये एकजना -सदस्य

(घ) वरिष्ठ प्राध्यापकहरूमध्येबाट एकजना -सदस्य

(ङ) उपाध्यक्ष -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरूको मनोनयन अध्यक्षले गर्नेछ।

(३) उपदफा (२) बमोजिमको मनोनयन गर्दा स्कुल/अनुसन्धान केन्द्रबाट आलोपालो हुने गरी गर्नु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको मनोनयन कार्यकारी परिषद्ले गर्नेछ।

१३. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयको नीति, बार्षिक कार्यक्रम र बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य

आवश्यक प्रस्ताव तयार गरी स्वीकृतिका लागि संरक्षक समितिमा पेश गर्ने,

(ख) विश्वविद्यालयसम्बन्धी विनियमको मस्यौदा तयार गरी स्वीकृतिका लागि संरक्षक समिति समक्ष पेश गर्ने,

(ग) विश्वविद्यालयलाई आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने,

(घ) अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारीको दरबन्दी स्वीकृतिका लागि संरक्षक समिति समक्ष पेश गर्ने,

(ङ) विश्वविद्यालयलाई आवश्यक पर्ने अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारी तोकिएबमोजिम नियुक्त गर्ने,

(च) शिक्षण र अन्य शुल्क निर्धारण गर्ने,

(छ) विश्वविद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सो सम्बन्धी प्रतिवेदन संरक्षक समितिमा पेश गर्ने,

(ज) सेवा आयोगबाट तोकिएको परीक्षा उत्तीर्ण गरी सिफारिस भइ आएका शिक्षक तथा कर्मचारीको नियुक्तिको निर्णय गर्ने,

(झ) संरक्षक समितिले पारित गरेको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ञ) संरक्षक समितिमा प्रस्तुत हुने वार्षिक कार्यक्रम, वार्षिक बजेट, प्रगति विवरण, लेखापरीक्षण

प्रतिवेदन तथा विश्वविद्यालयका कार्यकारिणी कामसम्बन्धी अन्य प्रस्तावहरू तयार पार्ने,

(ट) विश्वविद्यालयको शैक्षिक कार्यतालिका पारित गरी कार्यान्वयन गर्ने,

(ठ) विदेशी विश्वविद्यालयहरूसँग प्राज्ञिक तथा अनुसन्धान सहकार्यका लागि हुने सम्झौता अनुमोदन गर्ने,

(ड) मानार्थ उपाधि प्रदान गर्ने सम्बन्धमा संरक्षक समितिमा सिफारिस गर्ने,

(ढ) विश्वविद्यालयको सञ्चालनमा हुने खर्चको नीतिगत व्यवस्था गरी संरक्षक समितिमा पेश गर्ने,

(ण) विभिन्न तहमा नियुक्ति हुने शिक्षकहरूको न्युनतम योग्यता तोक्ने,

(त) शिक्षक तथा कर्मचारी करारमा लिनको लागि सिफारिस गर्ने,

(थ) विश्वविद्यालयको अध्यापनमा संलग्न हुने करार तथा आंशिक तथा अतिथि शिक्षकहरूको सेवा, सर्त र सुविधाहरू तोक्ने,

(द) विश्वविद्यालयका कार्यक्रमहरू निकायहरू, तथा आबद्ध कलेजहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र आवश्यक निर्देशन दिने ,

(ध) तोकिएबमोजिमका अन्य कामहरू गर्ने, गराउने।

## परिच्छेद-७

## विश्वविद्यालयका पदाधिकारीसम्बन्धी व्यवस्था

१४. **अध्यक्षः** (१) विश्वविद्यालयको संरक्षक समितिको अध्यक्ष विश्वविद्यालयको कार्यकारी प्रमुख हुनेछ।

(२) अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयका सबै काम कारबाहीउपर सामान्य रेखदेख गर्ने, नियन्त्रण गर्ने र निर्देशन दिने,

(ख) संरक्षक समितिको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ग) संरक्षक समितिमा पेश हुने सबै विषयसम्बन्धी प्रस्ताव पेश गर्न लगाउने,

(घ) विश्वविद्यालयको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने, गराउने,

(ङ) विश्वविद्यालयलाई आवश्यक पर्ने स्रोतको व्यवस्था गर्ने,

(च) विश्वविद्यालयमा आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने, गराउने,

(छ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने, गराउने,

(ज) दीक्षान्त समारोहको अध्यक्षता गर्ने,

(झ) तोकिएबमोजिमका अन्य काम गर्ने, गराउने।

(३) यस विधानअन्तर्गत बनेका नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भए बाहेकका काम अध्यक्षले गर्न सक्नेछ,

(४) उपदफा (३) बमोजिम अध्यक्षले गरेको काम लगत्तै बस्ने संक्षक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

**१५.** **उपाध्यक्षः** (१) उपाध्यक्ष विश्वविद्यालयको प्रशासकीय प्रमुख हुनेछ।

(२) उपाध्यक्षको नियुक्ति संरक्षक समितिले गठन गरेको छनौट समितिले सिफारिस गरेका तीनजना उम्मेदवारमध्येबाट कार्यकारी परिषद्ले गर्नेछ।

(३) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अध्यक्षको सामान्य रेखदेख र निर्देशनमा विश्वविद्यालयको शैक्षिक, आर्थिक र सामान्य प्रशासनसम्बन्धी कार्य गर्ने,

(ख) विश्वविद्यालयको वार्षिक योजना तथा बजेट तयार गरी कार्यकारी परिषदमा पेश गर्ने,

(ग) विश्वविद्यालयको सञ्चालन खाताको जिम्मेवारी लिई सञ्चालन गर्ने,

(घ) विश्वविद्यालयको लेखा राख्ने, लेखापरीक्षण गराउने,

(ङ) विश्वविद्यालयमा अध्ययन अध्यापनका लागि आउने विदेशी विद्यार्थी तथा शिक्षकहरूको प्रबेशाज्ञा अनुमति तथा अध्यागमनसम्बन्धी कार्य मन्त्रालयमार्फत नेपाल सरकार समक्ष पेश गर्ने,

(च) विश्वविद्यालयमा विद्यार्थी रजिस्ट्रेसन गर्ने, विद्यार्थीहरूको तथ्याङ्क राख्ने, माइग्रेसन प्रमाणपत्र जारी गर्ने, गराउने।

(४) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ र देहायको अवस्थामा निज पदमुक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) उमेर ६० वर्ष पुराभएमा,

(ग) संरक्षक समितिले कारबाही गरी पदबाट हटाएमा,

(घ) निजको मृत्यु भएमा।

**१६. <u>डीनः</u>** (१) विश्वविद्यालयका सङ्कायहरूमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न महाविद्यालयहरू (Schools) रहनेछन्।

(२) प्रत्येक सङ्काय प्रमुखको रुपमा काम गर्ने एक जना डीन रहनेछन्।

(३) डीनको नियुक्ति कार्यकारी परिषद्ले गठन गरेको छनौट समितिले सिफारिस गरेका तीनजना उम्मेदवारमध्येबाट कार्यकारी परिषद्ले गर्नेछ।

(४) डीनको न्युनतम शैक्षिक योग्यता विद्यावारिधि गरी प्राध्यापनको अनुभव हुनु पर्नेछ र पारिश्रमिक तथा अन्य सेवा, सर्त तथा सुविधाहरू तोकिएबमोजिम हुनेछन्।

(५) डीनको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सङ्काय प्रमुख भइ कार्य गर्ने,

(ख) सङ्कायभित्रमा विषयहरूको विषयगत पाठ्यक्रम तयार गरी गराई स्वीकृतिका लागि प्राज्ञिक परिषद्मा पेश गर्ने,

(ग) सङ्कायभित्रका विषयहरूमा विद्यार्थी भर्नाको आधार निर्धारण गरी प्राज्ञिक परिषद्मा पेश गर्ने,

(घ) विद्यार्थी भर्ना, पठन पाठन, मूल्याङ्कन, परीक्षा सञ्चालन गर्ने, गराउने,

(ङ) विद्यार्थीलाई शैक्षिक सल्लाह (Academic advice), स्वास्थ्य (Wellness) तथा जीविका (Career) सम्बन्धी परामर्श उपलब्ध गराउने,

(च) आफ्नो सङ्कायभित्रको ग्रेस लिष्ट तयार गरी प्राज्ञिक परिषद्मा पेश गर्ने,

(छ) तोकिएबमोजिम अन्य काम गर्ने।

(६) डीन पूर्णकालीन पदाधिकारी हुनेछन्। निजको पदावधि चार वर्षको हुनेछ र निज देहायको अवस्थामा पदमुक्त हुनेछन्ः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) उमेर ६० वर्ष पुरा भएमा,

(ग) संरक्षक समितिले कारबाही गरी पदबाट हटाएमा,

(घ) निजको मृत्यु भएमा।

१७. **<u>कार्यकारी निर्देशकः</u>** (१) विश्वविद्यालयले अनुसन्धान, आविष्कार, नवप्रवर्तन र प्रविधिउद्यमोदय एवं प्रविधि हस्तान्तरणका लागि स्थापना र सञ्चालन गर्ने केन्द्रहरूमा प्रमुखको रूपमा कामगर्ने एक कार्यकारी निर्देशक रहनेछन्।

(२) कार्यकारी निर्देशक पूर्णकालीन पदाधिकारी हुनेछन् र निजको पदावधि चार वर्षको हुनेछ।

(३) कार्यकारी निर्देशकको नियुक्ति कार्यकारी परिषद्ले गठन गरेको छनौट समितिले सिफारिस गरेका तीनजना उम्मेदवारमध्येबाट अध्यक्षले गर्नेछ।

(४) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तथा निजको सेवा, सर्त, सुविधा तोकिएबमोजिम हुनेछ।

१८. **निर्देशकः** (१) कुनै एक सङ्कायभित्र एकभन्दा बढी महाविद्यालय सञ्चालन हुने भएमा महाविद्यालयको नेतृत्व निर्देशकले गर्नेछन्।

(२) निर्देशकहरूको नियुक्ति चार वर्षका लागि हुनेछ।

(३) महाविद्यालयका निर्देशकहरूको नियुक्ति डीनको सिफारिसमा कार्यकारी परिषदबाट हुनेछ।

१९. प्राचार्यः (१) कलेजको प्रमुखको रुपमा काम गर्ने एकजना प्राचार्य रहनेछन्।

(२) प्राचार्य पूर्णकालीन पदाधिकारी हुनेछन् र निजको पदावधि चार बर्षको हुनेछ।

(३) आङ्गिक कलेजका प्राचार्यको नियुक्ति कार्यकारी परिषद्ले गर्नेछ।

(४) प्राचार्यको काम, कर्तव्य र अधिकार तथा निजको सेवा, सर्त, सुविधा तोकिएबमोजिम हुनेछ।

२०. **अन्य पदाधिकारीः** (१) विश्वविद्यालयमा तोकिएबमोजिम अन्य पदाधिकारीहरू रहनेछन्।

## परिच्छेद-८

## विश्वविद्यालयको कोष, लेखा र लेखापरीक्षणसम्बन्धी व्यवस्था

२१. **विश्वविद्यालयको कोषः** (१) विश्वविद्यालयको एक छुट्टै सञ्चित कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदानको रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट चन्दा, दान, दातव्य वा आर्थिक सहायतास्वरुप प्राप्त रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट अनुदान वा सहायतास्वरुप प्राप्त रकम,

(ङ) शैक्षिक तथा अन्य शुल्कवापत प्राप्त रकम,

(च) ज्ञान र सेवाको उपयोग र हस्तान्तरणबाट प्राप्त रकम,

(छ) अनुसन्धान तथा सेवा प्रदान गरी प्राप्त गरेको रकम,

(ज) विश्वविद्यालयको बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारबाट प्राप्त रकम,

(झ) विश्वविद्यालयको आय आर्जनबाट प्राप्त रकम,

(ञ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत लिनु पर्नेछ।

(४) सञ्चितकोषको रकम संरक्षक समितिको निर्णय बमोजिम "क" बर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) सञ्चित कोषको खाता सञ्चालन अध्यक्ष र संरक्षक समितिको निर्णयबमोजिम अर्को एक जना सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(६) सञ्चित कोषबाट आवश्यकतानुसारको रकम सञ्चालन खातामा निकासा गरिनेछ।

(७) विश्वविद्यालको सञ्चालन खाता कार्यकारी परिषद्को निर्णयबमोजिम "क" बर्गको बाणिज्य बैकमा खोल्नु पर्नेछ एवम सो खाताको सञ्चालन उपाध्यक्ष र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(८) विश्वविद्यालयबाट हुनेसबै खर्चहरू सञ्चालन खाताबाट गरिनेछ।

२२. **लेखा तथा लेखापरीक्षणः** (१) विश्वविद्यालयले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले तोकेको प्रक्रियाबमोजिम राख्नुपर्नेछ।

(२) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षणसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(३) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(४) विश्वविद्यालयले आङ्गिक क्याम्पसको लेखापरीक्षण संरक्षक समितिबाट नियुक्त सूचीकृत लेखापरीक्षकबाट गराउनु पर्नेछ।

२३. **सेवा आयोगः** (१) विश्वविद्यालयका स्थायी शिक्षक तथा कर्मचारीको नियुक्तिका लागि आवश्यक परीक्षा सञ्चालन गरी नियुक्तिको सिफारिस गर्न एक सेवा आयोग रहनेछ।

(२) शैक्षिक विशिष्टता र अनुभव हासिल गरेका प्राध्यापकहरूमध्येबाट संरक्षक समितिले सेवा आयोगको अध्यक्ष नियुक्ति गर्नेछ।

(३) संरक्षक समितिले नियुक्ति गरेको निवृत्त प्राध्यापक एक जना र प्रदेश लोक सेवा आयोगले तोकेका एक जना सदस्य आयोगका सदस्य रहनेछन्।

(४) आयोगको काम, कर्तव्य तथा अधिकार विश्वविद्यालय संरक्षक समितिले स्वीकृत गरेको विनियमावलीबमोजिम हुनेछ।

(५) पदेन सदस्यबाहेक सेवा आयोगका पदाधिकारीहरूको पदावधि तीन वर्षको हुनेछ र निजहरू पूर्णकालीन सदस्य हुने छैनन्।

(६) आयोगका अध्यक्ष वा सदस्य नियुक्तिको प्रक्रिया तथा सेवा, सर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-९

## विविध

२४. **विश्वविद्यालयमा विद्यार्थीको भर्नाः** (१) विश्वविद्यालयमा भर्ना हुन तोकिएको योग्यता पुगेका स्वदेशी तथा विदेशी विद्यार्थीहरू विश्वविद्यालयमा भर्ना हुन पाउनेछन्।

(२) विद्यार्थीभर्नासम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ।

२५. **विश्वविद्यालयका शिक्षकः** (१) विश्वविद्यालयमा योग्यता पुगेका प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, शिक्षण सहायक, अनुसन्धान सहायकहरू रहनेछन्।

(२) विश्वविद्यालयमा कुल दरबन्दीको पन्ध्र प्रतिशतसम्म विदेशी नागरिकलाई विज्ञ प्राध्यापकका रूपमा काममा लगाउन सकिनेछ साथै स्वदेशी तथा विदेशी प्राध्यापकलाई अतिथि प्राध्यापकको रुपमा काममा लगाउन सकिनेछ।

(३) शिक्षकको दरबन्दी, पारिश्रमिक तथा सेवा, सर्त, सुविधा कार्यकारी परिषद्को सिफारिसबमोजिम संरक्षक समितिले तोकेबमोजिम हुनेछ।

(४) शिक्षकको नियुक्ति तथा पदोन्नतिका आधारहरू कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ।

२६. **विश्वविद्यालयका अनुसन्धानकर्ता तथा कर्मचारीसम्बन्धी व्यवस्थाः** (१) विश्वविद्यालयमा आवश्यकतानुसार अनुसन्धानकर्ता तथा कर्मचारीहरू रहनेछन्।

(२) अनुसन्धानकर्ता तथा कर्मचारीहरूको दरबन्दी तथा सेवा, सर्त, सुविधा कार्यकारी परिषद्को सिफारिसमा संरक्षक समितिले निर्धारण गरेबमोजिम हुनेछ।

२७. <u>**निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः**</u> (१) विश्वविद्यालयले तोकेको मापदण्ड पुरा गरी विश्वविद्यालयमा भर्ना भएका दलित, अपाङ्गता भएका, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक र आर्थिकरुपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरणसम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एक पटक मात्र उपभोग गर्न पाउनेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यवसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिएबमोजिमको सिट सुरक्षित गर्नुपर्नेछ।

(५) विश्वविद्यालयले सहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भएबमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ।

२८. **सम्बन्धनसम्बन्धी व्यवस्थाः** विश्वविद्यालयले कुनै किसिमका शिक्षण संस्थालाई अध्ययन तथा अध्यापन गराउन सम्बन्धन तथा स्वीकृति दिने व्यवस्था तोकिएबमोजिम हुनेछ।

२९. **काम कारबाही बदर नहुनेः** विश्वविद्यालयको संरक्षक समितिले कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भइ वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र विश्वविद्यालयले गरेको कुनै काम कारबाही बदर हुनेछैन।

३०. **बार्षिक प्रतिवेदनः** (१) संरक्षक समितिले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफुले वर्षभरीमा सम्पादन गरेको काम कारबाहीको बार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य विषय तोकिएबमोजिम हुनेछ।

३१. **सहकार्य गर्न सक्नेः** विश्वविद्यालयको लागि आर्थिक श्रोत, पठन पाठन, अनुसन्धान, नवप्रवर्तन, प्रविधि-उद्यमोदय र प्रसार कार्यका लागि विश्वविद्यालयले निजीक्षेत्र, सामुदायिक क्षेत्र, स्थानीय तह, प्रदेश सरकार, नेपाल सरकार, स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान केन्द्रसँग सहकार्य र समन्वय गर्न सक्नेछ।

३२. **स्वार्थ बाझिएमा काम कारबाही गर्न नहुनेः** यस विधानअन्तर्गत मनोनयन वा नियुक्त हुने पदाधिकारीको विश्वविद्यालयको हित वा सरोकारसँग आफ्नो स्वार्थ बाझिने देखिएमा त्यस्तो पदाधिकारी

विश्वविद्यालयको काम कारबाही वा निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन।

३३. **अधिकार प्रत्यायोजनः** (१) संरक्षक समितिले यो विधान वा यस विधानअन्तर्गत बनेको नियमबमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्षको सिफारिसमा प्राज्ञिक परिषद् वा कार्यकारी परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद्ले यो विधान वा यस विधानअन्तर्गत बनेको नियमबमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार तोकिएको निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्ले यो विधान वा यस विधानअन्तर्गत बनेको विनियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार विश्वविद्यालयका कुनै निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) विश्वविद्यालयका कुनै पदाधिकारीले यो विधान वा यस विधानअन्तर्गत बनेको नियमबमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार आफु मातहतका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३४. **प्रदेश सरकारसँग सम्पर्कः** विश्वविद्यालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत् राख्नु पर्नेछ।

**३५. <u>केड्रिट हस्तान्तरणः</u>** (१) विश्वविद्यालयमा समावेश हुने अन्य विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्थाका विद्यार्थीहरूको क्रेडिट स्थानान्तरण गर्ने अधिकार तोकिएबमोजिम सम्बन्धित डीनलाई हुनेछ।

(२) विश्वविद्यालयमा गाभिएका क्याम्पसका शिक्षक तथा कर्मचारीहरूको सम्बन्धमा तोकिएबमोजिम हुनेछ।

**३६. <u>सम्बन्धनः</u>** प्रदेश उच्च शिक्षा ऐन, २०७८ बमोजिम अन्य कुनै विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्थालाई विश्वविद्यालयले आफ्नो आङ्गिक क्याम्पसको रूपमा ग्रहण गरी सञ्चालन गर्न सक्नेछ।

**३७. <u>संयन्त्र निर्माणः</u>** विश्वविद्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था, विश्वविद्यालय, समुदायसँग सम्बन्ध बिस्तार र सुदृढीकरणका लागि आवश्यक संयन्त्र निर्माण गर्न सक्नेछ।

**३८. <u>सल्लाहकार समितिः</u>** (१) विश्वविद्यालयमा बढीमा सात जना सदस्यहरू रहेको सल्लाहकार समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछनः-

(क) विश्वविद्यालय रहने प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य,

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख,

(ग) जिल्ला उद्योग बाणिज्य सङ्घको अध्यक्ष,

(घ) प्रदेश नीति तथा योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्य,

(ङ) अल्पसंख्यक, पिछडिएको समुदाय, मधेसी, जनजाति, दलित समुदायमध्येबाट कम्तीमा एक जना महिलासहित तीन जना सदस्य।

(३) उपदफा (२) बमोजिमको सदस्यहरुको नियुक्ति संरक्षक समितिले गर्नेछ।

(४) सल्लाहकार समितिका पदेन सदस्यबाहेक उपदफा (२) को खण्ड (ङ) बमोजिमका सदस्यको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ।

३९. **<u>विश्वविद्यालयको छाप र प्रतिक चिन्ह (Logo):</u>** विश्वविद्यालयको छाप र प्रतिक चिन्ह (Logo) संरक्षक समितिले तोकेबमोजिम हुनेछ।

४०. **<u>विनियम तथा कार्यविधि बनाउने अधिकार:</u>** यो विधानको कार्यान्वयनका लागि विश्वविद्यालयले आवश्यक विनियम तथा कार्यविधि बनाउन सक्नेछ।

४१. **<u>खारेजी र बचाउ</u>:** (१) बागमती विश्वविद्यालयको विधान, २०८० खारेज गरिएकोछ।

(२) बागमती विश्वविद्यालयको विधान, २०८० बमोजिम भए गरेका कार्यहरू यसै विधानबमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**
**बद्रीनाथ गैह्रे**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु.१५।-